बैठक संख्या: १४८ (आकस्मिक कार्यपालिका बैठक)
बैठक मिति : २०८२/०५/३१
अध्यक्षता : नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं. १**

जेनजी (नव पुस्ता)द्वारा मिति २०८२ भाद्र २३ गते आव्हान भएको प्रदर्शन / आन्दोलनको क्रममा मृत्युवरण गरी शाहदत्त प्राप्त गर्नु हुने इटहरीका अभिशेक श्रेष्ठ र मोहन सरदार लगायत सवै शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तव्ध परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछौं । उक्त प्रदर्शन / आन्दोलनको क्रममा घाइते भएका सवैको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौ । जनजी प्रदर्शन / आन्दोलनमा अपराधिक र अराजक मनोबृत्ति भएका मानिसहरु घुसपैठ भइ नरसँहार र ध्वाशात्मक गतिविधिमा संलग्न भइ स्थानीय सरकार इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय, राजश्व अनुसन्धान कार्यालय, यातायात व्यवस्था कार्यालय, आन्तरिक राजश्व कार्यालय, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, इलाका प्रहरी कार्यालय इटहरी र प्रहरी, अस्थाइ प्रहरी चौकी / विटहरु लगायत सुरक्षा निकाय, सरकारी कार्यालयहरुका प्रशासनिक भवनहरु र व्यक्तिगत आवास (घर) हरु, व्यावसायिक प्रतिष्ठान (भाटभटेनी) आगजानी तथा तोडफोड गरी सार्वजनिक तथा निजी सम्पत्तिको क्षती पुर्‍याएको अवस्थामा त्यस्ता घटनाको घोर भर्त्सना गर्दै नेपाल सरकारद्वारा गठन हुने उच्चस्तरीय छानविन तथा न्यायिक आयोगसँग सत्यतथ्य पत्ता लगाइ छानविनमा दोषी ठहरिएका व्यक्तिहरुलाई कठा कानुनी कारवाहीका निम्ति नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो । उक्त विध्वाशान्तमक तथा अराजक गतिविधि कृयाकलापसँग सम्बन्धित फोटो भिडियोहरु आफुसँग रहेको भएमा सुरक्षा निकायलाई उपलब्ध गराइदिन हुनका निम्ती नगरवासी, सञ्चारकर्मी लगायत सवै नागरिकमा अनुरोध समेत गर्ने निर्णया गरियो । यस किसिमका विध्वाशात्मक अवस्थाबाट अगाडी विकास र सहजता बढ्न सबै राजनैनिक दल, नागरिक समाज, उधोगी व्यवसायी, बुद्धिजिवी, सञ्चारकर्मी, पेशाकर्मी लगायत सम्पूर्ण नगरवासीहरुलाई साथ सहयोग र पूर्ण निर्माणका निम्ति जुट्नका निम्ति आव्हान र अनुरोध गर्ने निर्णय गरियो । देशको परिवर्तित अवस्था र विशम् परिस्थितिको फाइदा उठाउँदै टोल / समाजमा अशान्ति, अराजक, अमानविय र अपराधिक गतिविधि पठ्न सक्ने सम्भावित अवस्थालाई मध्यनजर गर्दै नागरिकस्तरबाट स्थानिय टोलबस्तीस्तरमा सुरक्षा समितिहरु गठन गरी अपराधिक गतिविधिलाई निरुत्साहित र निष्तेज गर्ने कार्यमा सहयोग पुर्‍यानका निम्ति सबै नगरवासीमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

जेनजी (नव पुस्ता) द्वारा २०८२ साल भाद्र २३ गते आव्हान भई भएको प्रदर्शन । आन्दोलन र भाद्र २४ गते अराजक र अपराधिक समूहद्वारा इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा भएको आगजानी, तोडफोड भौतिक अवस्थाको बारेमा स्थलगतरुपमा हालको बस्तुस्थतीको बारेमा प्रतिवेदन तयार गरी २०८२ असोज ४ गतेभित्र नगर कार्यपालिकाको कार्यालयमा पेश गर्न हुन सबै महाशाखा/शाखा प्रमुखहरु तथा वडा सचिवहरु, स्वास्थ्य संस्थाहरुका प्रमुखहरुलाइ निर्देशन दिने निर्णय गरियो । साथै नियमित सेवा प्रवाह गर्नका निम्ति अल्पकालिन र दिर्घकालिन व्यवस्थापन गर्नका निम्ति चाहिने उपकरण तथा सामाग्रीहरु सहितको प्रतिवेदन सोही अबधिभित्र पेश गर्न निर्देशन गरियो ।